पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २६ गते शुक्रबार ❑ 10 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## रबि लामिछाने धरौटीमा रिहा

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा आरोपित रास्वपा सभापति एवं पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सहित ७ जना धरौटीमा रिहा गर्न जिल्ला अदालत कास्कीले आदेश दिएको छ । अदालतले लामिछानेसँग ६५ लाख, छविलाल जोशीसँग ८८ लाख, लिला पछाईसँग ३६ लाख, राम खनालसँग १५ लाख रुपैयाँ धरौटी माग गरेको छ।

सहकारी ठगी प्रकरणमा गत कार्तिक २ गते पक्राउ परेका सभापति लामिछानेलाई जिल्ला प्रहरी कार्यालय कास्कीमा राखिएको थियो । पोखराको सूर्यदर्शन सहकारीको रकम गोर्खा मिडियाबाट अपचलन गरेको भन्दै पूर्वप्रबन्ध निर्देशक रवि सहित पूर्वउपाध्यक्ष समेत रहेका पूर्वडीआईजीछविलालजोशीलाई समेत कास्की प्रहरीले पक्राउ गरेको थियो । लामिछाने विरुद्ध काठमाडौं, रुपन्देही, चितवनमा पनि सहकारी अपचलन गरेको आरोप छ।



बिहीबार न्यायाधीश नीतिज राईको इजलासले रवि लामिछानेसहितलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो । ७ जना प्रतिबादी मध्य ४ जना धरौटिमा छुटेका छन भने अन्य छुट्ने प्रकृयामा रहेका छन् । अदालतको आदेशपछि कृष्ण गुरुङ, मिना गुरुङ र आरती गुरुङ धरौटी बुझाएर छुटे । अदालतले कृष्ण गुरुङसँग १ लाख, मिना गुरुङसँग ५ लाख र आरती गुरुङसँग ५ लाख धरौटी माग गरेको जिल्ला अदालत कास्कीका श्रेष्तदार(उपसचिव) राजन खनालले बताए।

प्रतिवादीहरुको बहस सकिएसंगै पुरक अभियोजन भई थुनछेक बहस पछि बिहीबार थुनछेक आदेश प्राप्त भएको उपसचिव खनालले बताए। उक्त विगो बराबरको रकम वा बैंक जमानत बस्न नसक्नेहरु लाई भने थुनुवा पुर्जि दियर कास्की कारागारमा पठाउनु भनी आदेश आएको उनले पत्रकार माझ बताए । जिल्ला अदालत कास्कीले लामिछानेसँग ६५ लाख धरौटी माग गरे बमोजिम प्रभु बैंक ग्यारेन्टि बसे पछि उहाँ प्रहरीको हिरासत मुक्त हुनु भएको हो । उहाँको स्वास्थ्य परीक्षण समेत गरिएको थियो। काठमाडौं लगायतका क्षेत्रमा सहकारीको रकम अपचलन गरेको अन्य मुद्दा भएकोले कास्की जिल्ला अदालतको आदेशलाई सम्मान गर्दै भोली नै उहाँ आफै काठमाडौं अदालतमा हाजिर हुने शर्तमा छाडिएको श्रोतको भनाई छ । बिहीबार जिल्ला अदालत कास्कीका न्यायाधीश नीतिज राईको एकल इजलासले रवि सहितका सातै जना प्रतिवादीलाई धरौटीमा रिहा गर्न आदेश दिएको जिल्ला अदालत कास्कीका श्रेष्तदार(उपसचिव) राजन खनालले बताउनु भयो । रवि सहित अन्यले रकम तथा बैंक जमानतको व्यबस्थापन गर्दै हुनुहुन्छ। अदालतमा १० दिनसम्म भएको थुनछेक बहसपछि प्रतिवादीहरुलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो । यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले उक्त सहकारीको रकम अपचलन गरेको आरोपमा सभापनि लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम अपचलन प्रकरणमा हालसम्म ६३ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । धरौटीमा रिहा भएका प्रतिवादीको मुद्दामा थप अनुसन्धान हुने स्रेस्तेदार खनालले जानकारी दिनुभयो । रास्वपाका नेता तथा कार्यकर्ता रविको रिहाई भएसंगै उहाँलाई फुल माला लगाउदै अदालतलाई धन्यवाद दिनु भएको थियो।

रवि लामिछाने प्रहरीको ८४ दिनको हिरासतबाट मुक्त भएसंगै नेता तथा कार्यकर्ता निकै खुशी भएको रास्वपाका नेता उत्तम पौडेलले बताउनुभयो । रास्वपाका नेता तथा कार्यकर्ताहरु पोखराको राष्ट्रबैंकचोक, वाईचोक, फिस्टेलगेट अगाडी नाराजुलुसु गरेका थिए।

## सामाजिक सञ्जालको बेथितिलाई नियमन गर्न जरुरी छ : मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जालको बेथितिलाई नियमन गर्न जरुरी रहेको बताउनुभएको छ।

मन्त्रालयले सूचना र सञ्चार प्रविधिको विस्तारलाई प्राथमिकतामा राख्दै सामाजिक सञ्जालको बेथितिलाई नियमन गर्न सञ्चार विधेयक ल्याउने तयारी गरिरहेको उहाँले बताउनुभयो । युनाइटेड क्लब पोखराद्वारा आयोजित १३औँ संस्करणको पोखरा महोत्सवको आज पोखराको अमरसिंह चौरमा उद्घाटन गर्दै मन्त्री गुरुङले शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार र सञ्चार क्षेत्रको विकासका साथै रोजगारीका अवसर सृजना गर्न सरकार प्रतिबद्ध भएर लागेको बताउनुभयो। उहाँले सुशासन र राजनीतिक स्थिरताका लागि दुई ठूला दल मिलेर सरकार गठन गरेको उल्लेख गर्नुभयो। देशको अर्थतन्त्र सुधार गरेर जनतालाई विकासको अनुभूति दिन सरकार प्रयासरत रहेको उहाँको भनाइ थियो।



पर्यटकीय राजधानी पोखरामा पर्यटन पूर्वाधारसहित विकास निर्माणका काम गर्न जरुरी भएको मन्त्री गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "पर्यटकीय राजधानीको रुपमा आवश्यक पर्ने पूर्वाधार निर्माणमा स्थनीय र प्रदेश सरकारको ध्यान जान जरुरी छ।" गण्डकी प्रदेश प्राकृतिक र सांस्कृतिक रुपमा धनी भएकै कारण यहाँ पर्यटनको सम्भावना अत्यधिक रहेको उल्लेख गर्दै मन्त्री गुरुङले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्न जरुरी भएको बताउनुभयो । पोखराको फेवाताल संरक्षणमा विशेष ध्यान दिन जोड दिँदै उहाँले यहाँका तालहरुको संरक्षण गर्न आवश्यक बजेट विनियोजन गर्न जरुरी भएको बताउनुभयो।

पोखराको ट्राफिक जामलाई कम गर्न समयमै पोखरामा भित्री चक्रपथ निर्माण गर्न आवश्यक भएको उल्लेख गर्दै मन्त्री गुरुङले त्यसका लागि काम अगाडि बढाउन गण्डकी प्रदेश सरकारलाई सुझाव दिनुभयो । पोखरामा अन्तर ाष्ट्रियस्तरको क्रिकेट मैदान, आइटी पार्क, सभाहललगायत पूर्वाधार बनाउनुपर्ने उहाँले बताउनुभयो।

सांसद मनबहादुर गुरुङले गण्डकी प्रदेशलाई पर्यटकीय तथा सांस्कृतिक रुपमा विकस गर्दै यहाँको कला संस्कृति विश्वमा प्रवर्द्धन गर्न जरुरी भएको बताउनुभयो। 'पर्यटकीय राजधानी भएकाको कला संस्कृतिको विकासमा पनि ध्यान दिन जरुरी छ, उहाँले भन्नुभयो।

सासंद दामोदर पौडेलले स्थानीय उत्पादनलाई बिक्री र प्रवर्द्धन गर्न गरिएका यस्ता महोत्सवबाट अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने बताउनुभयो। गण्डकी प्रदेशलाई कृषि र पर्यटनको रुपमा विकास गर्नुपर्ने उहाँको भनाइ थियो। बाह्र दिनसम्म चल्ने उक्त महोत्सवमा दुई सय ५८ कक्ष रहेका छन्।

## तनहुँ महोत्सव सुरु, कृषि क्षेत्रको विकासमा उपप्रधानमन्त्री सिंहको जोड

पोखरापत्र संवाददाता
तनहुँ, २५ पुस

उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले कृषि, पर्यटन, प्रविधिका साथै ऊर्जाको विकासबाट देशलाई समृद्धिको पथमा अग्रसर गराउन सहज हुने बताउनुभएको छ।

'तनहुँ महोत्सव हाम्रो आधार, आर्थिक सामाजिक विकासको पूर्वाधार' नाराका साथ दमौलीमा आयोजित नवौं तनहुँ कृषि पर्यटन तथा प्रविधि महोत्सवको आज शुभारम्भ गर्दै उपप्रधानमन्त्री सिंहले कृषि, पर्यटन र ऊर्जा क्षेत्रको विकासबाट देशलाई समृद्ध बनाउन सकिने विचार व्यक्त गर्नुभयो । महोत्सवबाट स्थानीय उत्पादन प्रवर्द्धन गर्न सहयोग पुग्ने बताउँदै उहाँले भन्नुभयो, "देशको अर्थतन्त्र विकासमा तनहुँले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यहाँको सांस्कृतिक पहिचान पनि पर्यटन प्रवर्द्धनमा सहयोगी बनेको छ। यस्ता महोत्सवले मुलुकको बहुभाषिक, बहुसांस्कृतिक परिचयलाई स्थापित गरेको छ ।"



तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा महोत्सव मूल समारोह समितिका संयोजक वैकुण्ठनाथ मिश्रले मेलाका माध्यमबाट किसानका उत्पादन बिक्री गर्न सहज हुने बताउनुभयो । महोत्सवमा कृषि उपजलाई प्राथमिकता दिइएको उहाँको कथन थियो । महोत्सवमा फलफूल, सागसब्जी, मह, मसला, दाल, चामललगायत कृषि उत्पादनका साथै स्थानीय हस्तकलाका सामग्रीयुक्त दुई सय बिक्रीकक्षमार्फत ती सामानको खरिदबिक्रीको व्यवस्था मिलाइएको छ। मेला आगामी माघ ७ गतेसम्म जारी रहने छ।

## जनताले अनुभूत गर्नेगरी सरकार काममा जुटेको छ: सञ्चारमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, २४ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जनताका विकासका चाहना पूरा गर्न उनीहरूले अनुभूत गर्नेगरी सरकार काममा जुटेको बताउनुभएको छ।

बिहीबार बैंसीसहर नगरपालिका-७ मा निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) जिल्ला कार्य समिति लमजुङको १२औँ जिल्ला अधिवेशनको आज यहाँ उद्घाटन गर्दै सञ्चारमन्त्री गुरुङले शिक्षा, स्वाथ्य, खानेपानी, भौतिक पूर्वाधार तथा सञ्चार क्षेत्रको विकासका साथै रोजगारीका अवसर सृजना गर्न सरकार प्रतिबद्ध भएर लागेको बताउनुभयो।

अन्तरमन्त्रालय समन्वय गरेर विकास-निर्माणका काम कार्यान्वयन गर्न सरकार लागिपरेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "कांग्रेस र एमाले मिलेर देशको अर्थतन्त्र सुधारेर सुशासन कायम गर्दै जनतालाई उनीहरुको सरकारले राज्य सञ्चालन गरिरहेको अनुभूति गराउनेगरी काम गरिरहेको छ। देशको विकासलाई नै केन्द्रमा राखेर सम्माननीय प्रधानमन्त्रीको निर्देशनअनुसार सरकार क्रियाशील छ ।" सरकारका प्रवक्ताको जिम्मेवारीसमेत सम्हाल्नु भएका मन्त्री गुरुङले डुम्रे-बैंसीसहर-चामे सडकको स्तरोन्नतिदेखि लमजुङको समग्र विकासलाई पनि आफूले ध्यान दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सञ्चार मन्त्रालयले सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई प्राथमिकतामा राखेको छ, यसको उपयोगबाट समृद्धिको मार्गमा अग्रसर हुन सहज हुन्छ ।" साथै उहाँले लमजुङ प्याब्सनलाई निजी विद्यालयमा 'डिजिटल सिस्टम' लागू गर्न आग्रह गर्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# किनबेचको थलो बन्यो लेखनाथ महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस



कास्कीको लेखनाथमा पुसको १८ गते देखि जारी २० औं संस्करणको लेखनाथ महोत्सव स्थल किनबेचको केन्द्र बिन्दु बनेको छ। महोत्सवमा आएर रमाईलो पनि हेर्न पाईने र घर फर्कदा आफुलाई आवश्यक पर्ने स्वदेशी देखि विदेशी सामानहरु सुपथ मुल्यमा पाईने भएपछि महोत्सवस्थल ब्यापारीक केन्द बिन्दु बनेको हो।

महोत्सवमा आएका दर्शकहरुले घर फर्कदा केही न केही सामाग्री लिएर घर फर्कने गरेकाले अघिल्ला दिनको तुलनामा ब्यापारको कारोवार बढेको आयोजक सस्था लेखनाथ उद्योग बाणिज्य संघका कोषाध्यक्ष ध्रुववावु भटराईको दावी रहेको छ।

महोत्सवमा राखिएका करिव तीन सय ३६ फरक/फरक प्रकृतीका स्टलहरुमा दैनिक उपभोग्य सामानहरु पाईने भएपछि उपस्थीत दर्शकहरु खुसी हुदै फर्केको देखिन्छन् भने ब्यापारी पनि अघिल्ला दिनको तुलनामा ब्यापार बढेकाले सन्तुष्ट रहेको बताएका छन्। माघ १ गतेसम्म चल्ने महोत्सव आठौं दिनमा चलीरहदा विहिवार मात्र ४० लाख वरावरको आर्थीक कारोवार भएको र अहिलेसम्म आउदा ३ करोड ७५ लाख बरावरकोकारोवारभएकोस्टलमा गरिएको ब्यापारको सर्वेक्षणले देखाएको महोत्सव प्रचार प्रसार उपसमितिका संयोजक जानुका अधिकारीले जानकारी दिएकी छन्। वातावरणीय अनुकुलले साथ दिएकाले मध्यान्न पछि दर्शकको चाप वाक्लो देखिन्यो। दर्शकको चाप दिन प्रतिदिन वढ्दै गएको देखिएको छ।यसैबिच विहिवार मात्र १५ हजार दर्शकले मेलाको अवलोकन गरेको र अहिलेसम्म आईपुग्दा दर्शकको सख्या हजार पुगेको आयोजक सस्था लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठको भनाई रहेको छ।

यसैविच महोत्सवको आठौ दिन कलाकारहरु राजु गुरुङ, पुर्णकला बिसी, जिवन दाहाल, पार्वती जिसी, रामजी पौडेल, रामप्रसाद ढकाल र वसन्ती थापाले प्रस्तुती दिएका थिए भने हाँस्य कलाकारहरु युवराज भण्डारी र राजेन्द्र नेपालीको प्रस्तुतीले दर्शकहरुलाई पेट मिचि मिचि हँसाएको थियो। बेलुका कन्सर्टमा गायक आशिष राना 'लाउरे' को प्रस्तुतीले स्टेज तताएको थियो। लाउरेको प्रस्तुती हुने भएपछि अपरान्हदेखी नै महोत्सवाम युवा युवतीहरुको उल्लेख्य उपस्थीती रहेको थियो। शुक्रबार कलाकारहरु पुष्कल शर्मा, सम्झना लामिछाने मगर, कुमार पुन, जिवन दाहाल शिवहरी ढुंगाना, ईन्द्र गुरुङ, मिरा पोखरेल, अमर धितालको प्रस्तुती रहनेछ भने बेलुका कन्सर्टमा दुर्गेश थापा र अस्मिता अधिकारीको प्रस्तुती रहने कलाकार संयोजक उपेन्द्रराज सुवेदी 'राजु' ले जानकारी दिएका छन। महोत्सवको थप आर्कषणको रुपमा रहेको युगल नृत्य प्रतियोगिता अर्न्तगत बिहिबारसम्म सहभागि २४ जोडी मध्ये १६ जोडी बाहिरिएका छन भने ८ जोडि सेमीफाईनलको लागि छनोट भएका खुल्ला युगल नृत्य प्रतियोगिताका संयोजक धिरज कुमार श्रेष्ठले जानकारी दिएका छन। महोत्सवमा गाडी देखि साडी सम्म र नुन देखि सुन सम्म एकै ठाउमा पाईने भएपछि उत्पादक र उपभोत्ताको संगम स्थलका रुपमा महोत्सवलाई लिईएको छ। लेखनाथ महोत्सवको आयोजना लेखनाथ उद्योग बाणिज्य संघले गरे पनि यो महोत्सव गण्डकी प्रदेशकै नमुना र ऐतिहासिक महोत्सवका रुपमा परिचित भएको निवर्तमान अध्यक्ष छत्रधर आत्रेयको दावी छ।

# गोगन माध्यमिक विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस



पोखरा महानगरपालिका वडा नं ३२ स्थित गोगन माध्यमिक विद्यालयको ५७ औं वार्षिकोत्सव, अभिभावक दिवस एवम् पुरस्कार वितरण सम्पन्न भएको छ।

कार्यक्रमको आज विद्यालयमा आयोजित विशेष समारोहका बीच पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभयो।

कार्यक्रममा महानगर प्रमुख आचार्यले गुणस्तरीय शिक्षाका लागि विद्यालयले निरन्तर मिहिनेतगरिरहेकोबताउँदैविद्यालयले आगामी दिनमा अझै उत्कृष्ट बन्ने गरी लाग्ने विश्वास व्यक्त गर्नुभयो। सरकारले विद्यालय शिक्षालाई निशुल्क र अनिवार्य भनेपनि त्यसको व्यवहारिक रुपमा कार्यान्वयन हुन नसकेको बताउँदै उहाँले अब आउने नयाँ शिक्षा ऐनबाट विद्यमान समस्याहरू समाधान हुने विश्वास व्यक्त गर्नुभयो। पोखरामा पूर्वाधार विकास लगायतका क्षेत्रमा ठूलो लगानीमा विभिन्न परियोजनाहरू अघि बढेको उल्लेख गर्दै उहाँले यी सम्पन्न भएसँगै महानगरवासीले अनुभूति हुने गरी परिणाम प्राप्त हुने बताउनुभयो। गोगन माध्यमिक विद्यालयका अध्यक्ष एवम् कार्यक्रमका सभापति मेघराज पौडेलले विभिन्न आरोह अवरोहका साथ विद्यालय बर्तमान अवस्थासम्म आइपुगेको बताउँदै विद्यालयले शैक्षिक गुणस्तरीयतालाई निरन्तर रुपमा जोड दिदै आइएको बताउनुभयो। विद्यालयमा राज्यका १६ वटा मात्र दरबन्दी रहेकोमा हाल ७७ जना शिक्षकहरूबाट अध्यापन गराइएको उल्लेख गर्दै उहाँले सिमिति साधनस्रोतका बीच शैक्षिक गतिविधि सञ्चालन गर्न कठिनाइ भैरहेको बताउनुभयो। विद्यालयमा यस वर्षदेखि होटेल व्यवस्थापनका कक्षा पनि सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो। विद्यालयका प्रधानाध्यापक मोहनराज बरालले विद्यालयको भौतिक एवम् शैक्षिक प्रतिवेदनबारे जानकारी गराउनुभएको थियो। कार्यक्रममा विभिन्न तह र विषयमा अध्यापनरत शिक्षकहरू अर्जुनप्रसाद बास्तोला, कालीप्रसाद भुर्तेल, प्रकाश खड्का, रामहरि बराल, लिलमाया गुरुङ, सुनिता गुरुङ, सुरेन्द्र लामिछानेलाई सम्मान गरिएको थियो। उक्त अवसरमा कर दिवसका अवसरमा राष्ट्रियस्तरमा आयोजित खुल्ला प्रतियोगितामा प्रथम हुने छात्रा दिप्ती थापा, विभिन्न कक्षामा उत्कृष्ट छात्रछात्रालाई पुरस्कृत गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेलको सभापतित्व एवम् शिक्षकद्वय गीता थापा र विनोद भण्डारीले सञ्चालन गर्नुभएको कार्यक्रमको धन्यवाद सहित समापन शिक्षक अभिभावक संघका अध्यक्ष सञ्जय गुरुङले गर्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड पोखरा कार्यालयका प्रमुख गोविन्दराज पोखेल, पोखरा महानगरपालिकाका शिक्षा अधिकृत बद्रीनाथ सुवेदी, भूतपूर्व विद्यार्थी मञ्चका अध्यक्ष किसान परियार, विद्यार्थी दीपिन सुवेदी लगायतले बोल्नुभएको थियो। कार्यक्रममा विद्यार्थीहरुले विभिन्न उत्कृष्ट सांस्कृतिक प्रस्तुतीहरू प्रदर्शन गरेका थिए।

# 'गण्डकीका धुनहरू' कार्यक्रमको सम्पूर्ण तयारी पुरा, ४० कलाकारले प्रस्तुती राख्ने

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस



पोखरामा पौष २७ गते शनिबार आयोजना हुन लागेको मौलिक लोक भाकाहरूको प्रस्तुती गण्डकीका धुनहरू (अर्केष्ट्रा) कार्यक्रमको सम्पूर्ण तयारी पुरा भएको छ। गण्डकी प्रज्ञा प्रतिष्ठानले पोखरा साँगीतिक कलाकार संघ नेपालसँगको सहकार्यमा यो ऐतिहासिक कार्यक्रम गर्न लागेको हो। बिहीबार पोखरामा पत्रकार सम्मेलन गरेर दिएको जानकारी अनुसार काठमाडौँ र गण्डकीका बरिष्ठ वाद्यवादकहरू सम्मिलित यस कार्यक्रम मार्फत नेपाली मौलिक बाजाहरूबाट निस्कने धुनको शक्ति प्रत्यक्ष अनुभूत गर्न पाइनेछ।

राष्ट्रिय एकता दिवसको सन्दर्भमा गण्डकीमा पहिलो पटक ४० जना कलाकारहरूको सामूहिक प्रस्तुति रहने गरी कार्यक्रम गर्न लागिएको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जानकारी दिए। धुनहरू मार्फत कीर्तिशेष स्रष्टाहरू प्रति सम्मान व्यक्त गर्दै नयाँ पुस्तालाई मौलिक बाजाहरू प्रति आकर्षित गराउने र साक्षात्कार गराउने उद्देश्य रहेको उनको भनाइ छ। कार्यक्रम अपरान्ह ३:४० बजेबाट प्रतिष्ठानको भानु हलमा सुरु हुनेछ। यस कार्यक्रमका संगीत संयोजक तथा निर्देशक प्राज्ञ अशोक राईले पोखरामा अर्केष्ट्राको पहिलो स्वरुप प्रदर्शन गर्न लागिएको बताए। यो नेपाली सङ्गीत विश्व स्तरमा परिचित गराउने प्रारम्भिक चरणको काम भएको बताए। २७ गतेको कार्यक्रममा मूलत गण्डकी प्रदेशका धुनहरू र यहाँका अग्रज स्रष्टाका सिर्जनालाई पहिलो प्राथमिकता दिएर प्रस्तुती राख्न लागिएको खुलाए। यसका अलावा सातै प्रदेशको प्रतिनिधिमूलक धुनहरू प्रस्तुत गरिनेछ। परम्परागत रुपमा रहेका सुर र ताल बाजालाई संयोजन गरिने छ। अर्केष्ट्रा चारवटा फेजमा प्रस्तुत गरिनेछ। १८ वटा प्रस्तुती ५८ मिनेटमा गरिने संयोजक राईले बताए। 'हाम्रो अभियान हो यो, अहिले हामीलाई प्रतिष्ठानले प्लेटफम तयार गरिदिनुभयो, यसरी नै हाम्रो आग्रह अरुहरु प्रदेशमा पनि यसरीनै प्लेटफम तयार गरिदिनुभयो भने धुन सँगसँगै कल्चर एक्सचेन्ज हुन्छ भन्ने मान्यता हो' उनले भने। पूर्वदेखि पश्चिमसम्मका कलाकारले भाका र कल्चरलाई जान्ने मौका यो कार्यक्रमले दिने उनको विश्वास छ। लोपोन्मुख भाकालाई माथि ल्याएर विश्वस्तरमा पुऱ्याउन पूर्ण अर्केष्ट्राको रूप दिन राज्यले सहयोग गरे विश्वस्तरमा पुऱ्याउन सकिने उनले सुनाए। यो कार्यक्रका अलावा गण्डकी प्रज्ञा प्रतिष्ठानले आगामी माघ १९ देखि २६ सम्म प्रज्ञा प्रतिष्ठानको भानु सभा हलमा आन्तरिक र बाह्य पर्यटकका लागि संस्कृतिको प्रवर्द्धन गर्ने हेतुले लोपोन्मुख नाचहरूको प्रदर्शन गर्दैछ। माघ २६ गते नै व्याक टु ९० (कन्सर्ट) कार्यक्रम मार्फत पोखराका हिजोका चर्चित ब्याण्डहरूलाई पुनः क्रियाशिल बनाउने भूमिका खेल्नेछ। यस्तै फागुन ५ देखि ९ गतेसम्म प्रादेशिक ललितकला प्रदर्शनी समेत पोखरामा आयोजन हुनेछ। आगामी वैशाख १४ गते प्रतिष्ठानको स्थापना दिवसमा प्रतिष्ठानले स्थापित गरेका विधागत पुरस्कार वितरण गरी प्रतिष्ठानको ४ वर्षे कार्यकालको डकुमेन्ट्री प्रस्तुत गरेर कार्यकाल पुरा गर्ने बताइएको छ।

प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले सबै कार्यक्रमलाई सुन्दर बनाउन मेहनत गरिरहेको बताए। उनले यतिबेला गण्डकी प्रदेशका नृत्य तथा गीतसंगीतहरु अनुसन्धानका लागि काम भइरहेको जनाए। तरेली साँस्कृतिक परिवारको टिमले विगत तीन महिनादेखि खटाइएको उनले खुलाएका छन्। दोस्रो चरणमा गण्डकी प्रदेशको लोक धुन र नृत्य सहितको कार्यक्रम गरिनेछ। ७० जना कलाकारले एक हप्तासम्म प्रस्तुती राख्नेछन्। आफूहरुको कार्यकालमा यो क्षेत्रमा केही कामको जग बसाल्न खोजेको उपकुलपति गुरुङको भनाइ थियो। पोखरा साँगीतिक कलाकार सङ्घ नेपालका अध्यक्ष हर्कराज गुरुङ भाइले गण्डकीका धुनहरू कार्यक्रमका अलावा प्रतिष्ठानले आयोजना गर्न लागेको 'व्याक टु नाइन्टीज' कार्यक्रम मार्फत समेत पोखराका पप ब्यान्डलाई साँगीतिक क्षेत्रमा कमव्याक गराउन भूमिका खेल्ने अपेक्षा गरे। साढे २ घण्टाको अवधिको लाइभ कन्सर्टको लागि हालसम्म त्यतिबेलाका चर्चित ७ वटा ब्यान्डको प्रस्तुती निश्चित भएको उनले खुलाए।

प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीले सबैको एकताका कारण आफ्नो कार्यकाल सफल रहेको दावी गरे। २७ गते आयोजना हुने कार्यक्रमबारे धेरैले चासो देखाएको बताए। कला क्षेत्रको सीपले अवसरहरुको समेत सिर्जना गर्ने गरेको दृष्टान्त उनले प्रस्तुत गरे। गण्डकी प्रदेशको कला, साहित्य, सङ्गीत र संस्कृतिको वृद्धि-विकास, प्रवर्द्धन र सम्वर्द्धनका लागि गण्डकी प्रज्ञा-प्रतिष्ठान २०७८ सालको बैशाखमा स्थापना भएको हो। स्थापना भएको छोटो समयमा नै केही महत्वपूर्ण कार्यक्रम मार्फत प्रतिष्ठानले यसको महत्वको आभाष गराउन सफल भएको छ। यस अवधिमा प्रतिष्ठानले गण्डकीका स्रष्टाहरूलाई विश्व भरी चिनाउन ६० जना स्रष्टाहरूको श्रव्यदृश्य मार्फत बायोग्राफी निर्माण गरी प्रतिष्ठानको वेवसाइट र युटुव च्यानलमा राख्ने काम गरिसकेको जनाएको छ। स्रष्टाहरूका हितका लागि दुई सय स्रष्टाहरूको स्वास्थ्य विमा गर्ने काम मात्र नभएर नाग नागीनी नाच, कुमाल, जलारी र विश्वकर्मा समुदायको जीवनीमा आधारीत डकुमेन्ट्री निर्माणको काम सम्पन्न भएको सदस्य सचिव श्रेष्ठले बताए। गण्डकी प्रदेशमा अवस्थित ३५ जातिको सामाजिक र साँस्कृतिक विषयमा अनुसन्धान सम्पन्न भएको छ। लोपोन्मुख गीतहरू मगरको सोरठी, घाँटु, बालन, जिबैमाम, गुरूङको सोरठी, हेल्मो समुदायको गीत, गन्धर्व गीत, छ्याङ्गु रेकर्ड गर्ने र युटुवमार्फत प्रचार प्रसार गर्ने काम गरेको उल्लेख गरिएको छ। यस अवधिमा ५७ वटा लोपोन्मुख संस्कृतिको दृष्य छायाङ्कन गरी प्रचार गर्ने काम तथा एक दर्जन जति अनुसन्धानबाट प्राप्त विषयका आधारमा कृति प्रकाशन भएका छन्। नयाँ पिढीलाई आफ्नो भाषा र बाजा प्रति उत्तरदायि बनाउन प्रशिक्षणका कार्यक्रमहरू संचालन गरी भाषा तर्फ १ हजार ५ सय ९७ जना र बाजा तर्फ ७ सय ३९ जना प्रशिक्षार्थी उत्पादन गरेको सदस्य सचिव श्रेष्ठले खुलाए। प्रतिष्ठानले स्रष्टा स्मृति पार्क, पुस्तकालय, वाल-गेट, चौतारो, श्रव्य दृष्य कक्ष निर्माण सम्पन्न गरेको छ। एकसय भन्दा बढी वाङ्मय संस्थाहरूसँगको सहकार्यमा नाटक लेखन, नाटक निर्देशन, नृत्य कार्यशाला, साहित्यिक गोष्ठी तथा महोत्सव, कला प्रदर्शनी, विभिन्न प्रतियोगिता समेत सम्पन्न गरिसकेको जनाएको छ।

# विन्ध्यवासिनीमा पुरस्कार वितरण

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस




पोखरा १६ बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयमा पुरस्कार वितरण गरिएको छ।

विद्यालयको ७८ औं वार्षिकोत्सवको अवसरमा आयोजित खेलकुद सप्ताह अन्तर्गत विभिन्न प्रतिस्पर्धामा उत्कृष्ट हुन सफल विद्यार्थीलाई विहीवार पुरस्कार वितरण गरिएको खेलकुद संयोजक निर्मल भण्डारीले जानकारी दिनुभयो।विजयी विद्यार्थीलाई कार्यक्रमका प्रमुख अतिथी पुर्व मन्त्री कुमार खड्का, प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य, शिक्षक अभिभावक संघका अध्यक्ष भीमप्रसाद पौडेल, विद्यालय व्यवस्थापन समितिका सदस्य मेहरमान नेपाली, विमला अधिकारी, ईन्दु भट्टराई लगायतकाले शिल्ड, मेडल र प्रमाणपत्र वितरण गर्नुभयो। कार्यक्रममा पुर्व मन्त्री खड्काले विद्यालयको शैक्षिक सफलता लोभ लाग्दो रहेको वताउँदै, शैक्षिक सिकाईको अनुभव आदान प्रदान गर्न सुझाव दिनुभयो। विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यले सबैको सम्वनयवाट नै विद्यालयले सफलता हासिल गरेको वताउनुभयो।

कार्यक्रममा विद्याथीले नेपालमा प्रचलित विभिन्न साँस्कृतिक नृत्य प्रस्तुत गरेका थिए। दुई दिनसम्म भएको पुरस्कार वितरण कार्यक्रमको संचालन लेखा प्रमुख भीम वहादुर गायकले गर्नुभएको थियो। वार्षिकोत्सवकै पुर्व सन्ध्यामा शुक्रवार विद्यालयले पाँचौ संस्करणको रक्तदान कार्यक्रम समेत गर्ने भएको छ। रक्त संचार केन्द्रको प्राविधिक सहयोग, विद्यालयमा गठित रेडक्रस सर्कल र रेडक्रस सोसाईटी पोखरा १६ उपशाखाको सहयोगमा विद्यालय परिसरमा विहान हुने कार्यक्रमको तयारी पुरा भएको संयोजक शिक्षक विष्णु प्रसाद पौडेलले जानकारी दिनुभयो। पोखरामा देखिएको रगतको अभावलाई केही हदसम्म न्युनिकरण गर्न सहयोग पुर्‍याउने हुँदा सो कार्यक्रममा सहभागी भईदिन विद्यालयले आग्रह समेत गरेको छ।सोही दिन विज्ञान तथा प्रविधी प्रर्दशनी समेत गरिने वताईएको छ। शनिवार वार्षिकोत्सवको मुल कार्यक्रम हुने र सो कार्यक्रममा विभिन्न अक्षयकोषको पुरस्कार वितरण, अक्षयकोषदाता, उत्कृष्ट शिक्षक, कर्मचारी सम्मान सहित साँस्कृतिक कार्यक्रम गरिने विद्यालयले जनाएको छ। करिव १ हजार ५ सय विद्यार्थी अध्ययनरत सो विद्यालय, सामुदायिक विद्यालय तर्फ नेपालकै उत्कृष्ट विद्यालयको रुपमा नेपाल सरकारवाट सम्मानित भई सकेको छ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।
- मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# रवि ६५ लाख धरौटीमा रिहा

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछाने पोखराको सूर्य दर्शन सहकारी ठगी प्रकरणमा धरौटीमा रिहा भएका छन् । कास्की जिल्ला अदालतले उनलाई ६५ लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ । कास्की जिल्ला अदालतका न्यायाधीश नितिज राईको इजलासले धरौटीमा रिहा हुने आदेश गरेको छ । जिल्ला सरकारी वकिल कार्यालय कास्कीले दायर गरेको मुद्दामा उनलाई थुनामा राख्न तथा अपचलन गरेको रकम क्षतिपूर्ति भराउनेसहित संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा थप सजायसहित एकीकृत कसूरमा सजाय माग दावी गरेको थियो । करिब तीन महिनासम्म प्रहरी हिरासत रहेका रबीलाई रिहाइ गराउन राष्ट्रिय स्वतन्त्र पार्टीका नेता, कार्यकर्ता जुलुस प्रदर्शन, धर्ना, घेराउ कार्यक्रम गरेका थिए । अदालतमा १० दिनसम्म भएको थुनछेक बहसपछि प्रतिवादीहरुलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो । यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले उक्त सहकारीको रकम अपचलन गरेको आरोपमा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम अपचलन प्रकरणमा हालसम्म ६३ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । शुरु शुरुमा अदालतमा धर्ना, घेराउ गर्न पुगेका राष्ट्रिय स्वतन्त्र पार्टीका नेता, कार्यकर्तालाई बौद्धिक समुदायको आलोचनापछि सरकार बिरूद्ध केन्द्रीत भएका थिए । रबीलाई कास्की जिल्ला अदालतबाट धरौटीमा रिहाइ गर्न आदेश दिए पनि काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको हुककदा सजिलै मुक्त हुन सहज छैन । अदालतले गरेको आदेशपछि राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले खुशी मनाएका छन । अदालतबाट सफाइ पाएको जस्तो गरिएको छ । लागेको अभियोगको गम्भीरता, त्यसमा प्रमाणको भारका आधारमा आदेश गर्ने गर्दछ । लामिछानेलाई लागेको आरोप गम्भीर भएको, त्यसमा तत्काल प्राप्त प्रमाणले उनलाई दोषी देखाउने आधार प्रदान गरेको र थुन्न प्रमाण नपुगेपछि उनलाई धरौटीमा रिहा हुने आदेश भएको छ ।

"अभियोग गम्भीर छ, तत्काल प्राप्त प्रमाणले पुष्टि भइसकेको छैन । तर, प्रमाणका आधारहरु देखिएका छन् र भविष्यमा प्रमाण पुष्टि हुने आधार छ भने त्यस्तो अवस्थामा धरौटीमा रिहा गर्ने आदेश हुन्छ ।" त्यही आधार मानेर रबीलाई रिहा गरेको हुनुपर्छ । त्यसबाहेक गम्भीर अभियोग लगाएर पनि प्रमाणले पुष्टी गर्ने आधार नदेखिएमा वा अभियोग गम्भीर नभएर प्रमाण पनि बलियो नभएको अवस्थामा साधारण तारिखको आदेश हुने अवस्था थिएन । अभियोग गम्भीर छ । तर, तत्काल प्राप्त प्रमाणले पुष्टिको आधार प्रदान गर्दैन वा अभियोग त्यति धैरै गम्भीर छैन भने साधारण तारेखमा छाड्ने अभ्यास रहन्छ । सहकारी ठगीको विषय गम्भीर भएको हुदाँ हल्का रुपमा लिनुहुँदैन । नेपाली उखान बुढी मरी भनेर होइन काल पल्क्यो भनेर रुनु भन्ने अवस्थालाई मध्यनजर गर्नुपर्छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्वि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सहकारीका प्रबन्धकलाई कुटपीट गर्ने पक्राउ

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ पुस

जिल्लाको भीमाद बचत तथा ऋण सहकारीका प्रबन्धक रामबाबु गैह्रेलाई कुटपीट गरेको आरोपमा भिमाद नगरपालिका–७ का वडाध्यक्ष प्रकाश श्रेष्ठसहित पाँच जना पक्राउ परेका छन् ।

वडाध्यक्ष श्रेष्ठकी पत्नी लक्ष्मीकुमारी श्रेष्ठको नाममा २०७६ सालमा सहकारीबाट ऋण लिएर नतिरेपछि धितो राखेको जग्गा लिलाम गरेको भन्दै वडाध्यक्ष श्रेष्ठले प्रबन्धक गैह्रेलाई कुटपिट गरेपछि सोमबार प्रहरीले पाँच जनालाई पक्राउ गरी अनुसन्धान थालेको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ पर्नेमा वडाध्यक्ष प्रकाश श्रेष्ठ, इश्वरकुमार श्रेष्ठ, नितेश श्रेष्ठ, नेपोलने श्रेष्ठ र विकल श्रेष्ठ रहेका छन् । विसं २०७६ मा रु २८ लाख ऋण लिएपछि सावा, ब्याज एकपटक पनि नतिरेको, पटकपटक चिठी तथा फोनमार्फत जानकारी गराउँदा बेवास्ता गरेपछि सहकारीले सहकारी नियम र प्रक्रियाअनुसार जग्गा लिलामी गरेको सहकारीका अध्यक्ष काजीमान श्रेष्ठले जानकारी दिनुभयो । "घरमा चिठी पठाउँदा नबुझ्ने र उल्टै कर्मचारीलाई धम्काएर पठाउने गरेपछि बाध्य भएर सञ्चालक समितिले कानुनी प्रक्रिया अगाडि बढाएर जग्गा लिलामी गरेको थियो", उहाँले भन्नुभयो । सहकारीका अध्यक्ष श्रेष्ठले सञ्चालक समितिले गरेको निर्णय प्रबन्धकले कार्यान्वयन गर्ने कानुनी प्रक्रिया रहकाले वडाध्यक्ष श्रेष्ठले प्रबन्धकलाई हातपात गर्नुभएको उल्लेख गर्नुभयो । सोमबार बिहान ९ बजे खाना खाइरहेको ठाउँमा आएर आँफू र आफ्नो परिवारलाई पाँच जनाले कुटपीट गरेको सहकारीका प्रबन्धक रामबाबु गैह्रेले जानकारी दिनुभयो । परिवार माथि साङ्घातिक हमला भएपछि सबै जना त्रासमा बस्नुपरेको उहाँले बताउनुभयो । पक्राउ परेका वडाध्यक्ष श्रेष्ठसहित पाँच जनालाई जिल्ला अदालत कार्यालयबाट पाँच दिन म्याद थप गरी अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय बेलचौतराका प्रहरी निरीक्षक पोषण थापाले जानकारी दिनुभयो ।

# तनहुँका ५० जना महिलालाई ढकिया बुन्ने तालिम

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ पुस



ज्येष्ठ नागरिकमा रहेका ज्ञान, सीप र अनुभव अन्तरपुस्ता हस्तान्तरण कार्यक्रमअन्तर्गत यहाँका महिलाहरूलाई ढकिया बुन्ने तालिम प्रदान गरिएको छ । सामाजिक विकास कार्यालय तनहुँको आर्थिक सहयोग तथा व्यास नगरपालिका–१४ को समन्वयमा चार दिनको तालिम सञ्चालन गरिएको हो ।

व्यास नगरपालिका–१२, १३ र १४ का महिलालाई छाब्दी बाराही मन्दिरमा आउने भक्तजनलाई फूल, प्रसाद र अक्षता लिएर जान सहज हुने किसिमको ढकिया बुन्न तालिम प्रदान गरिएको हो । उक्त तालिममा व्यासका तीन वटा वडाका ५० जना महिलाको सहभागिता रहेको सामाजिक विकास कार्यालयका प्रमुख विदुरहरि आचार्यले जानकारी दिनुभयो । उहाँले स्थानीय स्रोत र साधन अर्थात् बाबियाको प्रयोग गरी बनाइएको ढकियाले अन्यत्रबाट ल्याइने ढकियालाई विस्थापित गर्न सहयोग पुग्ने विश्वास गरिएको बताउनुभयो ।

पुस २१ गतेदेखि सञ्चालित सो तालिम बुधबार एक कार्यक्रमबीच समापन गरिएको छ । तालिममा सिकेका सीपलाई व्यावहारिक र व्यावसायिक रूपमा अघि बढाउन सकिए आयआर्जनमा सहयोग पुग्ने कार्यालय प्रमुख आचार्यले बताउनुभयो । तालिममा सहभागी भगवती भण्डारी र अन्जना भण्डारीले तालिम जीवन उपयोगी रहेको बताउनुभयो । उक्त तालिममा सन्तमाया श्रेष्ठ, सनिमाया थापा र मधुमाया सारु मगरले प्रशिक्षण दिनुभएको थियो ।

# काठेखोलामा पाँच करोड ४० लाखको सुन्तला उत्पादन

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ पुस

काठेखोला गाउँपालिका–६ का किसानले गत वर्षको तुलनामा यस वर्ष रु पाँच करोड ४० लाखको सुन्तला बिक्री गरेका छन् । गाउँपालिकाका कृषि प्राविधिक अग्नि कँडेलका अनुसार यो गत वर्षको तुलनामा करिब रु दुई करोडले बढी हो ।

गत वर्ष यहाँका किसानले रु तीन करोड ५० लाख बराबरको सुन्तला बिक्री गरेको उहाँको भनाइ छ ।

यस वडामा मात्रै झण्डै ३० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भइरहेको उहाँले जानकारील दिनुभयो । कँडेल यस वर्ष नौ सय मेट्रिक टन सुन्तला उत्पादन भएको बताउनुहुन्छ । सुन्तलामा कुनै पनि रोग नलाग्दा राम्रो उत्पादन बढेको र पालिकाले किसानलाई प्रोत्साहन गर्न प्राविधिक सहयोग र तालिम समेत दिँदै आएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "काठेखोला–६ मा सुन्तला उत्पादन राम्रो छ, वडा–४ र ७ को केही क्षेत्रमा पनि सुन्तलाखेती भइरहेको छ, किसानलाई प्रोत्साहनका लागि समय–समयमा तालिम दिने गरेका छौं, ढुसीजन्य रोगबाट बचाउन नीलोतुथोदेखि प्राविधिक सहयोग पनि उपलब्ध गराउँदै आएका छौं ।" उहाँले यस वर्ष पनि सुन्तलाखेतीको क्षेत्र विस्तार गर्ने कार्यक्रम रहेको बताउनुभयो ।

गाउँपालिकाले गत वर्ष किसानलाई पाँच हजार पाँच सय सुन्तलाका विरुवा र तीन हजार कागतीका बिरुवा वितरण गरेको थियो । काठेखोला–६ का किसान लोकनाथ कँडेलले यस वर्ष रु १२ लाख ५० हजारको सुन्तला बेचिसकेको जानकारी दिँदै रु एक लाखको बिक्री गर्न बाँकी रहेको बताउनुभयो । आफ्नो बगैंचामा तीन सय बोट सुन्तला रहेको र यस वर्ष दुई सय १० बोटले फल दिएको उहाँको भनाइ छ । "हरेक वर्ष सुन्तला उत्पादन बढ्दै गएको छ, नयाँ बोटले पनि फल दिन थालेका छन्, किसानले सुन्तला बगैंचा व्यवस्थापनमा पनि ध्यान दिन थालेपछि राम्रो फल्न थालेको छ", कँडेलले भन्नुभयो, "मेरो बगैंचामा नयाँ ९० बोट सुन्तला छन्, अर्को वर्षदेखि फल दिन्छन्, सुन्तलाखेतीबाट आम्दानी राम्रो छ, पहिले कोदो मकै फल्ने ठाउँमा अहिले सुन्तला फलाउँछौं ।" किसान देवीलाल कँडेलले अघिल्लो वर्ष रु तीन लाखको सुन्तला बिक्री गरेको उल्लेख गर्दै अहिले रु चार लाखभन्दा बढीमा बिक्री भएको बताउनुभयो ।

व्यापारी बगैंचामै आएर सुन्तला खरिद गर्ने भएकाले बजारीकरणको समस्या नभएको उहाँको भनाइ छ ।

# गाउँको विद्यालय : जहाँ शहरका विद्यार्थी पढ्छन्

**–डम्मर बुढामगर**
बागलुङ, २५ पुस /रासस

बसाइँसराइका कारण बागलुङका कयौँ ग्रामीण बस्ती उजाडिँदै गएका छन् । गुणस्तरी शिक्षा, स्वास्थ्यलगायतका सुविधा खोज्दै बजार झर्नेको अहिले पनि लर्को नै चलेको छ । स्थानीय सरकारले नागरिकको आधारभूत आवश्यकतालाई परिपूर्ति गर्न नसक्दा गाउँ रित्तिने अवस्थामा पुगेका हुन् ।

गाउँमा जनसङ्ख्या खट्दै गएपछि विद्यालयमा विद्यार्थीसमेत घट्दै गएका छन् तर जिल्लाको बागलुङ नगरपालिका–१४ नारायणस्थानस्थित गणेश माध्यामिकविद्यालयमाभनेत्यसको कुनै असर परेको छैन । बरु बजारबाट विद्यार्थी गाउँको विद्यालयमा पढ्न आउँछन् । पर्वत जिल्ला सदरमुकाम कुश्मा बजार नजिक पर्ने गणेश माविमा विद्यार्थीको चाप बढ्दो छ । बजारका निजी विद्यालय छोडेर गाउँमा आउने विद्यार्थीले यस विद्यालयको गरिमालाई थप बढाएको छ । यस विद्यालयमा झण्डै एक सय बढी विद्यार्थीहरू अहिले अन्य जिल्लाबाट आएर अध्ययनका गरिरहेका छन् ।

नारायणस्थान गाउँका विद्यार्थीले मात्रै नभई अन्य ठाउँबाट पढ्न आएका बालबालिकाले गणेश माविमा चाप बढेको हो । गत वर्षको तुलनामा यस वर्ष करिब ३५ विद्यार्थी कम छन् । यद्यपि चाप भने उस्तै छ । आर्थिक वर्ष २०८१/८१ मा यस विद्यालयमा सात सय ५० विद्यार्थी अध्ययनरत रहेकोमा चालु वर्ष ७१५ जना रहेका छन् । कक्षा कोठा अभाव हुँदा कक्षा ११ र १२ बिहानमा सञ्चालन गर्नुपरेको रिजालले बताउनुभयो । पुस्तकालयको अभाव हुँदा बालबालिकालाई चाहे अनुसार सुविधा दिन नसकेको उहाँको भनाइ छ । हाल कक्षा ११ र १२ मा ६५ जना विद्यार्थी अध्ययनरत छन् । हरेक वर्ष नारायणस्थानभन्दा बाहिर ठाउँबाट आउने विद्यार्थीको सङ्ख्या बढेको विद्यालयले जनाएको छ । विद्यालयले शैक्षिक गुणस्तर बढाउन थालेपछि तीन वर्षयता ३०० जना विद्यार्थी निजी विद्यालय छोडेर यहाँ आएका छन् । पछिल्लो समय गाउँका विद्यार्थीको आकर्षण शहरका निजी विद्यालयमा भए पनि यहाँ कुश्माको शहरबाट अध्ययन गर्ने बढिरहेका छन् । सहजरुपमा शिक्षण सिकाइ गर्नका लागि १५ बढी विद्यार्थी भएको कक्षामा 'सेक्सन' छुट्टाएर पठनपाठन गराउँदै आएको छ । अङ्ग्रेजी माध्यमबाट पढाइ हुने भएकाले पनि निजी विद्यालयबाट यहाँ विद्यार्थीको आकर्षण बढेको हो ।

विद्यालयको शैक्षिक गुणस्तर समेत गण्डकी प्रदेशमा नै अब्बल मानिदै आएको छ । यस विद्यालय आव २०७६/७७ मा नेपाल सरकारको नमुना विद्यालयमा छनोट भएको थियो । विद्यालयले बिदा कटौती गर्दा विद्यार्थी नियमित विद्यालय आउने गरेका छन् । विद्यालयमा विद्यार्थीको सङ्ख्या बढेसँगै शैक्षिक गुणस्तरमा पनि जोड दिइएको विद्यालयका प्रधानाध्यापक एकनाथ रिजालले बताउनुभयो । विद्यालयले शनिबारबाहेक दशैंमा १० दिन र तिहारमा एक साता मात्रै बिदा गर्ने गरेको उहाँको भनाइ छ ।

विद्यालयले एसइइसहित अन्य परीक्षामा शतप्रतिशत नतिजा प्राप्त गर्ने हुँदा अन्य विद्यालयबाट आउने विद्यार्थीको आकर्षण बढेको रिजालले बताउनुभयो । उहाँका अनुसार छिमेकी जिल्ला पर्वतको कुश्मा बजारबाट दैनिक दर्जनौं विद्यार्थी झोलुङ्गे पुल र यान्त्रीक पुल तरेर यहाँ पढ्न आउने गर्दछन् । पर्वत मात्र नभई पोखरा, बागलुङको जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका, बरेङ गाउँपालिकादेखि विद्यार्थीहरु यस विद्यालयमा आउने गर्दछन् । यस विद्यालयमा निःशुल्क होस्टेलको सुविधा छ भने यहाँ बस्ने विद्यार्थीले खानाको मात्रै शुल्क तिरे पुग्छ । अहिले १५० जना विद्यार्थीले आवासीय सुविधा लिएर अध्ययन गरिरहेका छन् । शिक्षक, कर्मचारी र यस ठाउँको समुदायले विद्यालयप्रति निकै चासो दिएकाले गर्दा विद्यार्थीको आकर्षण बढेको छ । यस ठाउँबाट धेरै मानिस बसाइँसराइ गरेर बाहिर गए पनि छिमेकी गाउँहरुबाट आउने सङ्ख्या बढी हुँदा विद्यार्थीको सङ्ख्यामा कमी छैन । टाढाका विद्यार्थी ल्याउनका लागि विद्यालयले स्कुल बस सञ्चालनमा ल्याएको छ । गरिब विद्यार्थीलाई निःशुल्क आवासीय सुविधासमेत दिइएको छ ।

नेपाल सरकारको नमुना विद्यालयमा छनोट गरेपछि आव २०७८/७९ देखि पाँच वर्षसम्म सात करोड ५० लाख रुपैयाँ बजेट कार्यान्वयनको चरणमा रहेको विद्यालयले जनाएको छ । विद्यालयले १५ वर्षअघि अङ्ग्रेजी माध्यममा अध्यापन थालेपछि विद्यार्थीको आकर्षण बढ्दै गएको थियो । अहिले विद्यालयमा भौतिक संरचनाको अभाव रहेको छ । नमुना विद्यालय अनुदान कार्यक्रमअन्तर्गत पाँच वर्षमा आउने सात करोड ५० लाख मध्ये पाँच करोड भौतिक पूर्वाधार तथा दुई करोड ५० लाख शैक्षक गुणस्तरमा खर्च गर्न थालिएको छ । विसं २०३७ सालमा स्थापना भएको विद्यालयमा कक्षा चारदेखि अनिवार्य कम्प्युटर शिक्षा, विज्ञान प्रयोगशाला लगायतका अतिरिक्त कक्षासमेत सञ्चालनमा छन् । १८ जना दरबन्दीका शिक्षक रहेको विद्यालयमा अन्य शिक्षक तथा कर्मचारी गरी ५० जना कार्यरत रहेका छन् । दरबन्दी बाहेकका शिक्षक तथा कर्मचारीलाई निजी स्रोतबाट तलब खुवाइएको अध्यक्ष विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालमुकुन्द शर्माले बताउनुभयो । विद्यार्थीमैत्री शिक्षण सिकाइ, अङ्ग्रेजी माध्यममा पढाइ, कम्प्युटर कक्षा, विविध सिर्जनात्मक शैली र अभ्याससहित पठनपाठन, सुविधा सम्पन्न पुस्तकालय अतिरिक्त कक्षा तथा क्रियाकलाप र चुस्त व्यवस्थापनका कारण गणेश मावि देशकै नमुना विद्यालयको रूपमा स्थापित अध्यक्ष शर्मा दाबी गर्नुहुन्छ ।

यस विद्यालयमा 'बोर्डिङ स्कूल'मा भन्दा राम्रो पढाइ हुने हुँदा कुश्माबाट आएर पढ्ने गरेको कक्षा ८ मा अध्ययनरत छात्र अंकित खत्रीले बताउनुभयो । दूरीका हिसाबले गशेण माविमा आउन एक घण्टा बढी लाग्ने भए पनि शिक्षण सिकाइ राम्रो हुने हुँदा आफू बजारमा नपढेर गाउँको विद्यालयमा आएको उहाँको भनाइ छ । विद्यालयको वातावरणसमेत पढ्नका लागि निकै अनुकल रहेको सुनाउँदै परियारले यसभन्दा माथिल्लो कक्षा पनि यहींबाटै उत्तीर्ण गर्ने बताउनुहुन्छ । बागलुङ नगरपालिकाले आगमी पौस मसान्तभित्र बालमैत्री नगर घोषणा गर्न थालेको छ । त्यसअघि नै यस विद्यालय बालमैत्री बनिसकेको छ । विद्यालयमा पढाइ राम्रो हुने हुँदा अन्य जिल्ला र पालिकाबाट अभिभावकले कोठा भाडामा लिएर आफ्ना छोराछोरीसमेत पढाउने गरेका छन् ।

# एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश, बागलुङ्ग जिल्ला, साविक बोहरागाउँ गा.वि.स.वडा नं. १ हाल निसीखोला गाउँपालिका वडा नं. ३ निवासी श्री मंगले बुढाको बुहारी, भारतिय भू.पू.नं.५४३९५४३ राइफलमेन ६/५जि.आर. ना.प्र.नं. २७४५/२५४७ भएको राम बहादुर बुढाको पत्नी, ना.प्र.नं. २७४६/२२७४ भएकी कर्नि बुढाको नेपाली नागरिकता प्रमाणपत्र अनुसार अंग्रेजी जन्म मिति १९५२ एप्रिल २७ हुने र निजको पतिको भारतीय पेन्सन पट्टा अनुसार अङ्ग्रेजी जन्म मिति १९४६ अगष्ट ११ भई फरक परेकाले निज कर्नि बुढाको दुवै जन्म मितिका साथै फोटो टाँस गरि दुई बटा जन्म मिति भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति हो भनि उक्त गाउँपालिकाको वडा नं. ३ को कार्यालयको मिति २०८१।०९।१९ गतेको पत्र संख्या २०८१/८२ र च.नं. २१९ बाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

# मध्यपहाडी लोकमार्गको कास्की-बागलुङखण्डमा १९३ किमि कालोपत्र

**पोखरापत्र संवाददाता**
बागलुङ २५ पुस

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी पुष्पलाल लाकमार्गअन्तर्गत कास्की-बागलुङखण्डको एक सय ९३ किलोमिटर सडक कालोपत्र भएको छ।

कूल दुई सय ५० किमिको उक्त खण्डमध्ये कास्कीको मादी गाउँपालिकाको भैँसेदेखि पोखरा महानगरपालिकाको याम्दी पुलसम्म ३८ किमि र बागलुङको उपल्लाचौर-घोडाबाँधेअन्तर्गत १३ किमि सडक कालोपत्र हुन बाँकी छ। आयोजना कार्यालयका अनुसार स्तरोन्नति हुन बाँकी रहेको ५१ किमि सडक कालोपत्रका लागि पूर्वाधार तयारीको काम भइरहेको छ। लमजुङसँगको सिमानामा पर्ने कास्कीको भैँसेदेखि रुदीखोलासम्म १६ किमि सडक भने पर्वतस्थित आयोजना कार्यालयका प्रमुख शम्भुप्रसाद आचार्यले जानकारी दिनुभयो। याम्दीदेखि पर्वत हुँदै बागलुङको मालढुङ्गासम्मको सडक पनि कालोपत्र भई सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गरिसकिएको उहाँले बताउनुभयो। मालढुङ्गादेखि बागलुङ सदरमुकामको उपल्लाचौरसम्मको पाँच किमि सडक चौडा र स्तरोन्नतिका लागि ठेक्का व्यवस्थापन हुन बाँकी रहेको प्रमुख आचार्यको भनाइ छ। उपल्लाचौरदेखि घोडाबाँधेसम्मको २६ किमि सडकमध्ये १३ किमि कालोपत्र भइसकेको र १३ किमि कालोपत्र हुने चरणमा रहेको उहाँले बताउनुभयो। उक्त खण्डको काम लामो समयसम्म अलपत्र परेपछि पुरानो ठेक्का तोडेर नयाँ ठेक्कामार्फत काम काम सुरु गरिएको प्रमुख आचार्यले बताउनुभयो। "बयलडाँडादेखि घोडाबाँधेसम्मको कालोपत्र एक वर्षभित्र पूराना गर्ने लक्ष्य लिइएको छ", उहाँले भन्नुभयो, "उपल्लाचौरदेखि बयलडाँडासम्मको खण्डमा पनि पाँच किमि सडक कालोपत्र हुन बाँकी छ।" घोडाबाँधेदेखि रुकुमपूर्वको सीमाना पातीहाल्नेसम्मको ९९ सय किमि सडक भने कालोपत्र भइसकेको छ। घोडाबाँधेदेखि-हटियासम्म कालोपत्र गरिएको सडक जीर्ण भएपछि मर्मत सुधार गरिएको आयोजना कार्यालयका सूचना अधिकारी किरण सुवेदीले जानकारी दिनुभयो। पश्चिमतर्फको खण्डमा पनि आयोजना कार्यालयमार्फत सडक मर्मतसम्भारको काम भइरहेको छ। निसीखोला गाउँपालिका हुँदै पातीहाल्ने जोड्ने सडकमध्ये १४ किमि सडक मात्र सडक डिभिजन कार्यालयलाई हस्तान्तरण भएको छ। अन्य खण्डमा भने निर्माण कम्पनीले योजना फरफराक समयमा नगरेका कारण हस्तान्तरण हुन बाँकी छ। सूचना अधिकारी सुवेदीले कास्की, पर्वत र बागलुङमा पर्ने लोकमार्गअन्तर्गतको सडक खण्ड स्तरोन्नति गरी दुई लेन कालोपत्र गरिने बताउनुभयो। सडक स्तरोन्नतिसँगै उक्त खण्डभित्र कास्कीको याम्दी खोला, पानीबिहाद, पर्वतको तमादी खोला, सुन्दरे खोला र बागलुङको काठेखोलामा गरी पाँच पुल निर्माणाधीन अवस्थामा रहेका छन्।

पर्वतको मोदी र पाती खोलामा ठेक्का व्यवस्थापन भई डिजाइन स्वीकृतिको क्रममा रहेको आयोजना कार्यालयले जनाएको छ। लोकमार्गअन्तर्गत कास्की, पर्वत र बागलुङमा सडक तथा पुल निर्माणका लागि चालु आवमा रु ७६ करोड ८० लाख विनियोजन भएकामा गत मङ्सिर मसान्तसम्म रु २० करोड ४० लाख ४८ हजार पाँच सय १२ खर्च भइसकेको सूचना अधिकारी सुवेदीले बताउनुभयो। ठेक्कामार्फत सडक र पुलका गरी ११ वटा योजना सञ्चालनमा रहेको उहाँको भनाइ छ। लोकमार्गअन्तर्गतकै हरिचोक-याम्दी खण्ड पनि कालोपत्रका लागि अहिले 'प्लान्ट' राख्ने काम भइरहेको सूचना अधिकारी सुवेदीले बताउनुभयो। करिब २२ सय मिटर दूरीको उक्त सडक समयमा कालोपत्र नहुँदा जनगुनासो बढेको थियो। आगामी माघभित्र सडक कालोपत्रको काम पूरा हुने जनाइएको छ। दुई वर्षमा सक्ने गरी विसं २०७९ साउनमा काठमाडौँको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिले उक्त सडक निर्माणको जिम्मा लिएको थियो। निर्माण कम्पनीको ढिलासुस्तीका कारण सडक समयमा निर्माण हुन सकेको थिएन। समयमा काम नभएपछि आउँदो चैतसम्मलाई ठेक्काको म्याद थप गरिएको थियो। दुवैतर्फ चार लेनको सडक बनिसक्दा पनि उक्त खण्ड निर्माण नहुँदा लोकमार्गको यात्रामा असहजता थपिएको थियो। विद्युत् पोल, खानेपानी व्यवस्थापन, भुक्तानी समस्याजस्ता कारणले पनि सडक निर्माणमा ढिलाइ हुँदै आएको थियो। लोकमार्ग आयोजना कार्यालयले ठेक्का तोड्ने चेतावनी दिएपछि निर्माण कम्पनीले कामको गति बढाएको थियो।

# उपल्लो मुस्ताङमा पर्यटक बढे

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ पुस

सन् २०२४ मा चार हजार बढी पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका छन्। सन् २०२३ को तुलनामा २०२४ मा १४ दशमलव २० प्रतिशतले पर्यटक आगामन वृद्धि भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को लोमान्थाङ कार्यालयले जनाएको छ।

कार्यालयका प्रमुख उमेश पौडेलले सन् २०२३ मा तीन हजार चार सय ८४ विदेशी पर्यटक यहाँ आएका बताउँदै सन् २०२४ मा चार हजार ६१ जना विदेशीले उपल्लो मुस्ताङ भ्रमण गरेका जानकारी दिनुभयो। उहाँका अनुसार सडक सञ्जाल विस्तार, अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका उत्कृष्ट दश गन्तव्यमा समेटिनु, प्रचारप्रसार, डिजिटल मार्केटिङ, सुविधायुक्त होटल सञ्चालन, अनलाइनमार्फत रुट परमिट लिने प्रणाली सुरुलगायत कारणले यहाँ पर्यटक आगमन बढेको हो। सन् २०२२ मा तीन हजार एक सय १२, सन् २०२१ मा तीन सय ३२, सन् २०२० मा ६२ र सन् २०१९ मा तीन हजार नौ सय १८ विदेशी पर्यटक उपल्लो मुस्ताङ पुगेका एक्याप कार्यालयले जनाएको छ। सन् २०१७ मा हालसम्मकै बढी चार हजार एक सय १५ विदेशी नागरिक यहाँ पुगेका कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो। कलात्मक पहाड, उजाड मरुभूमिजस्तै भूगोल, माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्वका दरबार, गुम्बा, छोर्तेन, कोरला नाका उपल्लो मुस्ताङका आकर्षण हुन्। बौद्ध तथा हिन्दु धर्मावलम्बीहरूको साझा तीर्थस्थल दामोदरकुण्ड पनि उपल्लो मुस्ताङमा अवस्थित छ। चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्डको सबै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ को साविक छुसाङ गाउँ विकास समिति र वारागुङ मुक्तिक्षेत्र-५ को साङ्तालाई सुरक्षा संवेदनशिलताका कारण सरकारले निषेधित क्षेत्र तोकेको छ। मनाङ र गोरखाका केही भूगोल पनि निषेधित क्षेत्रमा समेटिएका छन्। उपल्लो मुस्ताङ भ्रमण गर्न नेपाली बाहेकले अध्यागमन विभागलाई पाँच सय अमेरिकी डलर शुल्क तिरेर १० दिनका लागि विशेष किसिमको अनुमति लिनुपर्ने नियम छ। दश दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन थप ५० डलरका दरले शुल्क तिर्नुपर्ने एक्यापका प्रमुख पौडेलले जानकारी दिनुभयो।

लोमान्थाङ गाउँपालिका-१ मा पर्ने नेचुङ भन्दा माथि पर्यटकलाई जान रोक लगाइएको छ। सरकारले सन् १९९२ देखि उपल्लो मुस्ताङलाई विदेशी नागरिकलाई अनुमतिसहित निर्धारित शुल्क तिरेर निश्चित समयसम्म घुम्न पाउने व्यवस्था मिलाएको थियो।

निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन बढ्न नसक्दा स्थानीयको जनजीवन तथा आर्थिक गतिविधि प्रभावित भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्वु गुरुङले बताउनुभयो। निषेधित क्षेत्रमा शुल्कमा केही छुटको व्यवस्थाका लागि प्रदेश र सङ्घीय सरकारसँग माग गरिरहेको भन्दै पर्यटकको आगमन बढे स्थानीयको आर्थिकस्तर सुधार हुँदै जाने उहाँले उल्लेख गर्नुभयो।

# भू.पू. सैनिक मिलन केन्द्रको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ पुस

भू.पू. मिलन केन्द्र पोखरा-२६ को विहिबार सम्पन्न चौंथो साधारण सभा तथा दोस्रो अधिवेशनले राजु अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।




केन्द्रको उपाध्यक्षमा वसन्त बञ्जरा, सचिवमा टिका बहादुर केसी, सहसचिवमा नारायण रानाभाट, कोषाध्यक्षमा विरबहादुर रानाभाट, सहकोषाध्यक्षमा राम राजभाट र सदस्यहरुमा तारानाथ पौडेल, मनप्रसाद अधिकारी, जागेश्वर पौडेल चयन भएका छन्। त्यसै गरी सल्लाहकारहरुमा पुर्व अध्यक्ष हितबहादुर थापा, निवर्तमान अध्यक्ष दल प्रसाद थापा, भिम प्रसाद लामिछाने, पोखरा-२६ वडा सदस्य तिर्थ राजभाट र ओम बहादुर वञ्जरा चयन भएका छन्।

# चिकित्सक अभावले उपचार प्रभावित

**पोखरापत्र संवाददाता**
बागलुङ २५ पुस

जिल्लाको धौलागिरि अस्पतालमा चार महिनादेखि मनोचिकित्सकको अभाव हुँदा मनोरोग विभागको सेवा प्रभावित भएको छ। तीन वर्षदेखि सक्रिय मनोरोग विभाग चार महिनायता ठप्पजस्तै बनेको अस्पतालले जनाएको छ।

पछिल्लो समय मनोरोगका बिरामी बढ्दो क्रममा रहेका भन्दै मनोरोगको समयमा उपचार नहुँदा आत्महत्याको दर बढ्दै जाने चिकित्सक बताउँछन्। केबी रानामगर अस्पताल व्यवस्थापन समितिको अध्यक्ष रहँदा मनोरोग विभाग स्थापना गरी उपचार तथा मनोपरामर्श सेवा सञ्चालन गरिएको थियो। मनोरोगको उपचार थालेपछि पोखरा र काडमाडौँ जानुपर्ने झन्झट अन्त्य भएको थियो। पछिल्लो १२ महिनादेखि विभाग सञ्चालन गरिरहनुभएका मनोचिकित्सक डा मानकाजी थापा भदौमा सङ्घीय सरकारअन्तर्गतको विभागमा सिफारिस भएपछि अस्पतालमा मनोचिकित्सकको पद खाली छ। अस्पतालले विशिष्टकृत सेवाका रूपमा दिइरहेको मनोरोग विभागमा अहिले एक जना मनोपरामर्शदाता मात्रै कार्यरत रहनुभएको अस्पतालका मेडिकल रेकर्डर नवराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार मनोचिकित्सक राजेन्द्र घिमिरे गएपछि एक महिना खाली भएको विभाग थापाको नेतृत्वमा सञ्चालनमा आएको थियो। गत भदौमा थापा पनि अन्यत्र सिफारिस भएपछि उक्त विभागमा चिकित्सकको अभाव भएको हो।

गरिबी, सामाजिक, सांस्कृतिक लैङ्गिक विभेद, विलाशी जीवनशैली, आवश्यकता, वैदेशिक रोजगारीको प्रभाव, सामाजिक सञ्जालको दुरुपयोग, बेरोजगारी, पढाइको दबाब, दुर्व्यसन, एक्लोपन, अभिभावकले छोराछोरीलाई समय नदिनु, मानसिक तनाव, महत्वाकाङ्क्षी, मोबाइलको बढ्दो प्रयोगलगायत कारणले पछिल्लो समय मनोरोगका बिरामीको सङ्ख्या बढेको जिल्लास्थित जनस्वास्थ्य कार्यालयको तथ्याङ्कले देखाउँछ। मनोरोगको परिणाम आत्महत्यासम्मको जोखिम बढ्ने स्वास्थ्यकर्मी बताउँछन्। अस्पतालमा मनोचिकित्सकको दरबन्दी नभएकाले समस्या भएको अस्पतालका मेडिकल रेकर्डर शर्माले बताउनुभयो। उहाँले मनोचिकित्सकको दरबन्दी कायम गर्न स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशमा समन्वय भइरहेको उहाँले उल्लेख गर्नुभयो।

अस्पतालको मनोरोग विभागमा अहिले मनोपरामर्शदाताका रूपमा आशा थापा कार्यरत रहनुभएको छ। चिकित्सक नहुँदा औषधि दिनुपर्ने मनोरोगी, एन्जाइटीलगायत बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता रहेको थापाले बताउनुभयो। बागलुङ नगर स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले पछिल्लो समय जिल्लामा मनोरोगका कारण अत्महत्याको दर बढेको बताउनुभयो। "मनोरोगका कारण आत्महत्यासम्मको अवस्थामा पुग्ने देखियो, साना बालबालिकालाई मोबाइल नदिने, अविभावकको निगरानीमा राख्न आवश्यक छ", उहाँले भन्नुभयो, "अहिले आत्महत्याको सङ्ख्याभन्दा निरुपणमा जान आवश्यक छ, स्थानीय तहमा मनोपरामर्श कक्षा चलाउन आवश्यक छ।" पछिल्लो तीन वर्षयता बागलुङ नगरपालिकामा मात्रै ४२ जनाले आत्महत्या गरेका छन्। सामाजिक विभेद, बेरोजगारी, सामाजिक सञ्जालको दुरुपयोगलगायत कारणले एकोहोरोपना बढ्ने, डिप्रेशनमा जाने, अन्तत मनोरोगी भएर आत्महत्याको बाटो रोज्ने गरिका पाइएको खनालले बताउनुभयो।

बागलुङमा एक वर्षमा ६० जनाले आत्महत्या गरेका जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ। जिल्लामा हुने विभिन्न घटनामध्ये आत्महत्याको 'ग्राफ' बर्सेनि बढ्दै गएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रताप पौडेलले जानकारी दिनुभयो। मनोरोग, उदासिनता, दुर्व्यसन, पारिवारिक समस्या, मायाप्रेम तथा वैदेशिक रोजगारीबाट उत्पन्न समस्यालगायता कारण आत्महत्या गर्नेको सङ्ख्या बढ्दै गएको उहाँले बताउनुभयो।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

### Invitation for Sealed Quotations for the Procurement of Furnishing Accessories

**Sealed Quotation No: 13/081/82/PRM**
**Date of first Publication: 10-January-2025**

1. The Phedikhola Rural Municipality invites sealed quotations from registered suppliers for the Supply, Delivery and Installation of furnishing items (Curtains, carpets, mattress etc.) for New Administrative building of Phedikhola Rural Municipality at Phedikhola-02, Syangja; Contract ID: 24-PRM-G-SQ-081-82-13. The estimated cost of goods to be supplied is NRs. 1,579,636.68 (With VAT, all taxes, transportation and other charges).
2. Eligible suppliers may obtain further information and inspect the sealed quotation forms/documents at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal; Phone: 063402053; email: phedikhola174@gmail.com or
OR
may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Complete set of sealed quotation documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, VAT registration certificate, tax clearance certificate, business registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 24-January-2025 during office hours.
4. Bidders who choose to submit their bid electronically may download the sealed quotations documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account and scanned copy of voucher of cost of quotation document should be attached in PDF form with their bid.
i. Name of the bank: Prime Bank Ltd. ii. Name of office: Phedikhola Rural Municipality
iii. Office Account No: 06501000000030800180 iv. Account Name: Internl revenue account of Phedikhola Rural Municipality
5. Sealed quotations must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through e-GP system i.e. www.bolpatra.gov.np/egp, on or before 12:00 hrs. of 26-January-2025. Sealed quotations received after this deadline will be rejected.
6. The sealed quotations/bids will be opened in the presence of bidders' representatives who choose to attend at 26-January-2025 on 12:00 hrs. at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal.
Sealed quotations/bids must be valid for a period of 45 days after SQ/bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 40,000, which shall be valid for 30 days beyond the validity period of the bid/SQ. If supplier wish to submit the cash as bid security, the cash should be deposited in Dharauti Account No. 06501000000003600179 at Prime Bank Ltd., Phedikhola, Syangja and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation. In case of e-submission the scanned copy of bid security or Dharauti cash deposit voucher in PDF format should be submitted with the bid/SQ.
7. If the last date of purchase and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid/SQ security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly, any or all the Sealed Quotations without assigning any reason whatsoever.